# आर्थिक ऐन, २०८३

गाउँ सभाबाट स्वीकृत मिति :- २०८३/०३/१०

## बकैया गाउँपालिका,
## जिल्ला मकवानपुर
## बागमती प्रदेश, नेपाल

# बकैया गाउँपालिकाको आर्थिक ऐन , २०८३

## बकैया गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः बकैया** गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर,, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम **बकैया** गाउँपालिकाको बाह्रौं गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"बकैया गाउँपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि **बकैया** गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः बकैया** गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम **सम्पत्ति कर** लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) : बकैया** गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः बकैया** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः बकैया** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः बकैया** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक उपयोग गरेवापत अनुसूची ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन करः बकैया** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम अनुसूची ६ मा उल्लेखित दरमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।संकलित करको चालिस प्रतिशत रकम प्रदेश सन्चित कोषमा दाखिला गरिनेछ ।

८. **मनोरन्जन करः बकैया** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ। संकलित करको चालिस प्रतिशत रकम प्रदेश सन्चित कोषमा दाखिला गरिनेछ ।

९. **बहाल बिटौरी शुल्कः बकैया** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची ७ मा उल्लेख भए अनुसार हाट बजार वा पसल र ऐलानी तथा आँकडा जग्गाको हक भोग गरे वापत सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः बकैया** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत गाउँ कार्यपालिकाले तोके बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्कः बकैया** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत गाउँ कार्यपालिकाले तोके बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. सेवा शुल्क, दस्तुरः बकैया** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची ८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ **।अनुसूचीमा नतोकेका अन्य सेवा शुल्क तथा दस्तुरहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।**

**१३. पर्यटन शुल्कः बकैया** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट गाउँ कार्यपालिकाले तोके बमोजिमको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१४. प्राकृतिक स्रोत करः बकैया** गाउँपालिका क्षेत्रभित्र उत्पादन र संकलन हुने ढुंगा गिट्टी स्लेट बालुवा चुनढुँगा खरीढुंगा अभ्रख र दहत्तर बहत्तरमा प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम प्राकृतिक स्रोत (दहत्तर बहत्तर) कर लगाइने र असुल उपर गरिनेछ। संकलित करको प्रदेशले तोके बमोजिमको रकम प्रदेश सन्चित कोषमा दाखिला गरिनेछ ।

**१५. बाँडफाँडबाट प्राप्त वन रोयल्टीः** गाउँपालिका क्षेत्र भित्रका सामुदायिक वनले वन पैदावार बिक्रि वितरण गरे वापतको आम्दानीको १० प्रतिशत रकम रोयल्टी बुझाउनु पर्नेछ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि बकैया गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुची-१

### (दफा २ संग सम्बन्धीत)

**<u>गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पति करको दररेट</u>**

| करयोग्य सम्पत्तिको मूल्य | बार्षिक दर (कोष्ठमा उदाहरण) |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु १०० (एक सय) |
| पचास लाख रुपैयाँसम्म | प्रति लाख १५ (रु पन्ध्र) |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख २५ (रु पच्चीस) |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख ३० (रु तीस) |
| दुई करोड एक लाख रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख ३५ (रु पैतीस) |
| तिन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख ५० (रु पचास) |
| पाँच करोड भन्दा माथि | प्रति लाख ७० (रु सत्तरी) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

## अनुसुची-२

### (दफा ३ संग सम्बन्धीत)

**<u>गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मालपोत करको दर</u>**

| क्र स | जग्गाको विवरण | प्रति कठ्ठा रु | | | प्रति रोपनी रु | | |
|---|---|---|---|---|---|---|---|
| | | औद्योगिक तथा व्यवसायिक | आवास | कृषि | औद्योगिक तथा व्यवसायिक | आवास | कृषि |
| १ | मदन भण्डारी लोकमार्गसङ्ग जोडिएको | १५०। | १३०। | ११०। | | | |
| २ | कान्ति लोकपथसङ्ग जोडिएको | १२०। | १००। | ९०। | १८० | १५०। | १३५ |
| ३ | पालिकास्तरिय १० मिटर सडकसँङ्ग जोडिएको | १००। | ८०। | ७०। | १५० | १२०। | १०५ |
| ४ | पालिकास्तरिय ८ मिटर सडक सञ्जालसङ्ग जोडिएको | ९०। | ७०। | ६०। | १३५ | १०५। | ९० |
| ५ | पालिकास्तरिय ६ मिटर सडक सञ्जालसङ्ग जोडिएको | ८०। | ६०। | ५०। | १२० | ९०। | ७५ |
| ६ | ६मिटरभन्दा मुनिको सडक सञ्जालसङ्ग जोडिएको | ७०। | ५०। | ४०। | १०५ | ७५। | ६० |

| क स | जग्गाको विवरण | प्रति कठ्ठा रु | | | प्रति रोपनी रु | | |
|---|---|---|---|---|---|---|---|
| | | औद्योगिक तथा व्यवसायिक | आवास | कृषि | औद्योगिक तथा व्यवसायिक | आवास | कृषि |
| ७ | वडा नं १,२ र ६ बाहेकको वडामा गोरेटो बाटोसङ्ग जोडएको | ६०। | ४०। | ३५। | ९० | ६०। | ५२।५ |
| ८ | वडा नं १,२ र ६ को हकमा गोरेटो बाटोसङ्ग जोडिएको | ५५। | ३५। | ३०। | ८२।५ | ५२.५। | ४५ |

द्रष्टव्य

(१) मालपोत वा भूमिकरको कूल रकम वार्षिक पाँच रुपैयाँ भन्दा कम हुने भएमा न्यूनतम वार्षिक मालपोत वा भूमिकर पाँच रुपैयाँ कायम गरिनेछ ।

(२) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

(३) विलम्व शुल्क प्रतिशत निम्न शुत्र अनुसार निकालिनेछ। विलम्व शुल्क प्रतिशत (विलम्व वर्ष×५)+ ५

(४) गाउँपालिका क्षेत्रका नापजाँच भई पुर्जा लिने प्रकृयामा रहेका जग्गाहरुको हकमा माथिको वर्गिकरणको आधारमा ५०% भोगचलन शुल्क लिइनेछ ।

## अनुसुची-३
## (दफा ४ संग सम्बन्धीत)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने घर जग्गा बहाल करको दररेट**

| विवरण | करको दर |
|---|---|
| १. आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड छप्पर, कारखाना जग्गा, वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धीत धनीबाट बहाल रकमको दश प्रतिशत | बहाल रकमको १०% |

## अनुसुची-४
## (दफा ५ संग सम्बन्धीत)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय करको दररेट**

| क्र.सं. | विवरण | दर्ता | नविकरण | खारेजी |
|---|---|---|---|---|
| १ | सबै किसिमका व्यवसाय दर्ता, नविकरण तथा खारेजीमा लाग्ने कर | बागमती प्रदेश सरकारले तोके बमोजिम | | |

| क्र.सं. | शिर्षक | विवरण | घरेलु तथा लघु | सानो | मझौला | ठुलो | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | ब्यापारिक वस्तु | ज्वेलरी, भिडियो क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा व्यापारमा | - | ३००० | ४००० | ५००० | |
| | | निर्माण सामग्री, कम्प्युटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ, सामान जस्ता बस्तुको थोक तथा खुद्रा व्यापारमा | - | २००० | २५०० | ३००० | |
| | | दैनिक उपभोगका खाद्य पदार्थ सुती कपडा, स्टेशनरी आदिको थोक तथा खुद्रा सामानहरुको व्यापारमा | ४०० | ५०० | ६०० | १००० | |
| | | सवारी साधन विक्रेता | - | २००० | ३००० | ४००० | |
| २ | बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा : | चिकित्सक | - | १२०० | १५०० | १८०० | |
| | | कविराज | २०० | ४०० | ५०० | ६०० | |
| | | इन्जिनियर | - | २००० | ३००० | ४००० | |
| | | कानुन ब्यवसायी | - | २००० | ३००० | ४००० | |
| | | लेखापरीक्षक | - | २००० | ३००० | ४००० | |
| | | दन्त चिकित्सक | - | १००० | १५०० | २००० | |
| | | अनुसन्धानकर्ता तथा परामर्श दाता | - | १००० | १५०० | २००० | |
| | | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | - | १००० | १५०० | २००० | |
| | | वीमा एजेन्ट | - | १००० | १५०० | २००० | |
| | | सर्भेयर | - | १२०० | १५०० | १८०० | |
| | | अनुवादक | - | १००० | १५०० | २००० | |
| | | पशु चिकित्सक | - | १००० | १५०० | २००० | |
| | | शेयर दलाल | - | १००० | १५०० | २००० | |
| | | सामान ढुवानीकर्ता तथा कंपनी | - | १००० | १५०० | २००० | |
| | | संस्थागत पेण्टर | - | २००० | ३००० | ५००० | |
| ३ | निर्माण ब्यवसायः | गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | - | ६००० | ८००० | १०००० | |

| क्र.सं. | शिर्षक | विवरण | घरेलु तथा लघु | सानो | मझौला | ठुलो | कै. |
|---|---|---|---|---|---|---|---|
| ४ | उत्पादन मूलक उद्योगः | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | १५०० | ३००० | ५००० | १०००० | |
| ५ | उर्जामूलक उद्योगः | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य स्रोतहरूबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | - | २००० | २५०० | ३००० | |
| ६ | कृषि तथा वनजन्य उद्योगः | मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा | २००० | ४००० | ५००० | ६००० | |
| ७ | खनीज उद्योगः | खनीज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | - | ५००० | ६००० | ७००० | |
| ८ | पर्यटन उद्योगः | पर्यटक, आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर व्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अश्वारोहण आदि उद्योग व्यवसायमा | १००० | २००० | २५०० | ३००० | |
| ९ | सेवा उद्योगः | छापाखाना, परामर्श सेवा, जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | ५०० | २८०० | ३५०० | ४२०० | |
| १० | निर्माण उद्योगः | सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ वृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | - | ४००० | ५००० | ६००० | |
| ११ | संचार | निजी क्षेत्रको हुलाक सेवा | ४०० | ६०० | ७५० | ९०० | |

| क्र.सं. | शिर्षक | विवरण | घरेलु तथा लघु | सानो | मझौला | ठुलो | कै. |
|---|---|---|---|---|---|---|---|
| | सेवाः | निजी क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोवाईल फोन, आइएसडी, एसटीडी, इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | ४०० | ६०० | ७५० | ९०० | |
| | | कुरियर सेवा | ४०० | ६०० | ७५० | ९०० | |
| | | छपाई तथा प्रकाशन | १००० | १२०० | १५०० | १८०० | |
| १२ | वित्तीय सेवाः | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक, | - | १२००० | १५००० | १८००० | |
| | | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | - | ६००० | ७५०० | ९००० | |
| | | वित्तीय कम्पनी शाखा कार्यालय(माइक्रो फाइनान्स) | - | ६००० | ७५०० | ९००० | |
| | | वीमा कम्पनी | - | १२०० | १५०० | १८०० | |
| | | विदेशी मुद्रा सटही | - | ६००० | ७५०० | ९००० | |
| | | धितोपत्र कारोवार | - | १२०० | १५०० | १८०० | |
| | | सहकारी बैंक, (आई.एम.ई.) | - | १२०० | १५०० | १८०० | |
| १३ | स्वास्थ्य सेवाः | गैरसरकारी अस्पताल | - | २००० | २५०० | ३००० | |
| | | नर्सिङ्ग होम | - | २८०० | ३५०० | ४२०० | |
| | | औषधि पसल,क्लिनिक तथा ल्याब | - | १२०० | १५०० | १८०० | |
| १४ | शिक्षा सेवाः | निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्व विद्यालय | - | २००० | ३००० | ४००० | |
| | | तालीम तथा अनुसन्धान केन्द | - | १२०० | १५०० | १८०० | |
| | | टाईपिङ्ग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | - | १२०० | १५०० | १८०० | |
| | | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | - | २५०० | ३५०० | ४००० | |
| १५ | मर्मत संभार सेवाः | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना | - | २००० | २५०० | ३००० | |
| | | रेडियो, टि.भी., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत सामग्री मर्मत केन्द | ८०० | १२०० | १५०० | १८०० | |

| क्र.सं. | शिर्षक | विवरण | घरेलु तथा लघु | सानो | मझौला | ठुलो | कै. |
|---|---|---|---|---|---|---|---|
| १६ | अन्य सेवाः | विज्ञापन सेवा | - | ८०० | १००० | १२०० | |
| | | वैदेशिक रोजगार सेवा | १००० | २००० | २५०० | ३००० | |
| | | स्वदेशी रोजगार सेवा | - | ५०० | १००० | १५०० | |
| | | सेक्रेटेरियल सेवा | - | १००० | १२५० | १५०० | |
| | | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद बिक्री (रियल स्टेट) | - | २००० | २५०० | ३००० | |
| | | व्युटी पार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाइ आदि | ५०० | ७०० | ९०० | १२०० | |
| | | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | ८०० | १००० | १२०० | १५०० | |
| | | पशु वधशाला | १५०० | २००० | २५०० | ३५०० | |
| | | मासु विक्रेता, फुल विक्रेता, पुल हाउस, खोटो व्यवसायी, सिसा तथा प्लाइउड विक्रेता,भाँडाकुडा विक्रेता | ४०० | ५०० | ६०० | ७०० | |
| | | स्टिल, काठ, फर्निचर विक्रेता | ८०० | १००० | १५०० | २००० | |
| | | खेलौना, उपहार (गिफ्ट) विक्रेता | ४०० | ५०० | ६०० | १००० | |
| | | केवुल, नेटवर्किङ्ग (ग्राहक संख्याको आधारमा) | - | ८००० | १०००० | १२००० | |
| १७ | अन्य ब्यवसायः | पार्क, पिकनिकस्पट | - | ७०० | ७५० | १००० | |
| | | टुर अपरेट | - | २८०० | ३५०० | ४२०० | |
| | | मसाज पार्लर | - | १६०० | २००० | २४०० | |
| १८ | अन्य | माथिको वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको लागीवार्षिक | १००० | १२०० | १५०० | १८०० | |

**"घ" वर्ग निर्माण व्यसाय इजाजतपत्र**

| क्र.सं. | शिर्षक | दर्ता शुल्क | नविकरण | जरिवाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | "घ" वर्ग निर्माण व्यसाय इजाजतपत्र | ८००० | ६००० | पहिलो ३ महिना देखि ६ महिना सम्म को निमित्त ६००० | |

| | |
|---|---|
| ईजाजतपत्र नामसारी दस्तुर( एकाघर बाहेकको) | रु.५०००/- |

| | |
|---|---|
| ईजाजतपत्र नामसारी दस्तुर ( एकाघरको) | रु.२००० ⁄ - |
| ईजाजतपत्र ठाउँसारी दस्तुर | रु.२००० ⁄ - |
| ईजाजतपत्रको प्रमापत्र प्रतिलपि दस्तुर | रु.१००० ⁄ - |

| क्र.सं. | शिर्षक | दर्ता शुल्क | नविकरण | जरिवाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | संस्था दर्ता | १२०० | २०० | पहिलो वर्ष २५% एक वर्ष भन्दा बढीको हकमा प्रत्येक वर्ष १०% ले बृद्धि हुनेछ। | |

**अनुसुची-५**
**(दफा ६ संग सम्बन्धीत)**
**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भई निकासी हुने देहायका मालवस्तुमा देहायको जडीबुटी, कवाडी करको दर**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भई निकासि हुने उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, जीवित जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिककारोवार गरे वापत देहाय बमोजिमको जडिबुटी कवाडी र जीवजन्तु कर लाग्नेछ ।

क) कागतजन्य सामग्रीको प्रति किलोग्राम रु १
ख) फलामजन्य सामानका लागि प्रति किलोग्राम रु ३
ग) स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु २.५०
घ) अन्यको हकमा प्रति किलोग्राम रु २

**अनुसुची-६**
**(दफा ७ संग सम्बन्धीत)**
**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने विज्ञापन करको दररेट**

| क्र.सं. | प्रकार | एकाई | दर |
|---|---|---|---|
| १ | फ्लेक्स बोर्ड ⁄ होडिङ्ग बोर्ड | प्रति वर्ग फुट | रु. १० |
| २ | ग्लो बोर्ड र टुडी ⁄ थ्रिडी बोर्ड | प्रति वर्ग फुट | रु. १५ |
| ३ | भित्ते लेखन ⁄ सटर पेन्टिङ्ग | प्रति वर्ग फुट | रु. २५ |
| ४ | डि.पि.एस. बोर्ड | प्रति वर्ग फुट | रु. २० |
| ५ | पोल बोर्ड | प्रति वर्ग फुट | रु. २५ |
| ६ | डिजिटल बोर्ड | प्रति वर्ग फुट | रु. २५० |
| ७ | व्यानर (३ वर्ग फुट सम्म) | प्रति हप्ता प्रति गोटा | रु. ५० |
| ८ | व्यानर (३ वर्ग फुट भन्दा ठुलो) | प्रति हप्ता प्रति | रु. १०० |

| | | | |
|---|---|---|---|
| | | गोटा | |
| ९ | डमी, बेलुन, छाता, फ्लेन्जर | प्रति गोटा प्रति दिन | रु. १५० |
| १० | स्टल, गेट | प्रति गोटा प्रति दिन | रु. ५०० |
| ११ | तुल व्यानर, वन्टिङ्ग व्यानर | प्रति हप्ता प्रति दिन | रु. २५० |
| १२ | गाडीमा लेखि / वोकी विज्ञापन | प्रति दिन | रु. २०० |
| १३ | गाडीमा लेखि / वोकी विज्ञापन (वार्षिक) | वार्षिक | रु. ५,००० |
| १४ | माइकिङ्ग सवारी साधन | प्रति दिन | रु. २०० |

## अनुसुची-७
## (दफा ९ संग सम्बन्धीत)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने पाउने बहाल विटौरी शुल्कको दररेट**

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | टहरा भित्र रहेको पसलमा प्रति पसल हाट (हात्तिसुडे र जुरेली हाटबजार स्थलमा) | १०० |
| २ | टहरा बाहिर रहेको पसलमा प्रति पसल हाट (हात्तिसुडे र जुरेली हाटबजार स्थलमा) | ५० |
| ३ | पक्की भवनमा भीत्र रहेको पसलमा प्रति पसल हाट (जुरेली हाटबजार स्थलमा) | ३०० |
| ४ | पक्की भवनमा भीत्र रहेको सटर भाडा प्रति सटर (जुरेली हाटबजार स्थलमा) | अगाडीको सटर ४५०० प्रतिमहिना पछाडीको सटर ४००० प्रतिमहिना |
| ५ | ऐलानी तथा आँकडा जग्गाको हक भोग गरे वापत | अनुसूची -२ मा उल्लेख भए बमोजिम भूमि (मालपोत) करको ५० प्रतिशत(वार्षिक) |

नोटः स्थानीय स्तरमा आफ्नै उत्पादनबाट विक्री गर्न ल्याइएका हरिया सागपात तथा ताजा तरकारी विक्री शुल्क लिइने छैन।

## अनुसुची-८
## (दफा १२ संग सम्बन्धीत)

**सेवा शुल्क तथा दस्तुर**

**क) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सेवा शुल्कको दररेट**

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | कसैको रकम कलम उठाई दिए वापत उठेको रकमको | १% |
| २ | फिल्ड सेवा शुल्क (जग्गा रेखाङ्कन, बन पैदावर विक्री, जस्ता कार्यमा) (यसवाट प्राप्त रकमबाट रु २५० फिल्डमा जाने प्रतिनिधीलाई पारवाहन खर्च दिइनेछ) | ५०० |

**ख) बकैया गाउँ कार्यपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने नक्सापास दस्तुर तथा सो सम्बन्धि व्यवस्था**

बकैया गाउँपालिका क्षेत्रभित्र घर पर्खाल बनाउनका लागि नक्सापास गरि पाउँ भनी दिएको निवेदन बमोजिम नक्साको आधारमा घर पर्खाल बनाउन नक्सापास ईजाजत दिँदा देहाय बमोजिम प्रति वर्गफिट दस्तुर लिईने छ ।

**१. पक्की भवनहरु :**

| सि.नं. | भवनको प्रकार | व्यपारीक तथा आवासिय क्षेत्र (रु.) |
|---|---|---|
| क | आरसिसि फ्रेम स्ट्रक्चर सिमेण्ट मसलाहरु जोडाई गरिएका भवनहरु | ६।०० |
| ख | लोड वियरिङ स्ट्रक्चर सिमेण्ट मसलामा जडाई गरिएका भवनहरु | ४।५० |
| ग | लोड वियरिङ स्ट्रक्चर माटो मसलामा जडाई गरिएका भवनहरु | ४।०० |
| घ | लोड वियरिङ स्ट्रक्चर जस्ता छाना भएका भवनहरु | ३।५० |
| ङ | फलामे ट्रसका भवनहरु | ३।०० |
| च | फाइबरबाट निर्मित भवनहरु | ३।०० |

प्रत्येक तला थपमा क्रमिक रुपमा प्रति तला रु. १।०० का दरले थप शुल्क लाग्नेछ ।

**२. कच्ची घरहरु :**

| सि.नं. | भवनको प्रकार | दर (रु.) |
|---|---|---|
| क | निर्माण सामाग्रिहरु जस्तैःब्लक,ढुङ्गा,काँचो ईटामा मसलामा जोडाई गरि जस्ता वा टायलको छाना राखि निर्माण गरिने घरहरु घ वर्ग अन्तर्गत पर्जे घरहरु | २।५० |

**३. कम्पाउण्ड वाल पर्खाल निर्माण :**

| सि.नं. | भवनको प्रकार | क्षेत्र | दर (रु.) |
|---|---|---|---|
| क | कम्पाउण्ड वाल पर्खालको नक्सापास दस्तुर | प्रति रनिङ फिट | १० |

**४. म्याद थप :**

| | |
|---|---|
| क | गाउँपालिकाको नियामानुसार नक्सापास गरि तोकिएको म्याद भित्र निर्माण कार्य पुरा नभई तोकिएको म्याद भित्र म्याद थप गर्न आएमा पहिला नक्सापासको लागि बुझाएको दस्तुरको ५ प्रतिशत म्याद थप दस्तुर लिई दुई (२) वर्षका लागि म्याद थप गरिदिईने छ। |
| ख | म्याद थप गर्न नआई दुई (२) वर्ष समयावधि कटाई म्याद थपका लागि निवेदन दिएमा पहिला नक्सापासको लागि बुझाएको ५० प्रतिशत म्याद थप दस्तुर लिई दुई (२) वर्ष म्याद थप गरिदिईनेछ । |

**५. निर्माण सम्पन्न प्रमाण पत्र :**

| | |
|---|---|
| क | गाउँपालिकाको नियामानुसार नक्सापास गरि (सुपर स्ट्रक्चर निर्माण ईजाजत लिई) तोकिएको म्याद भित्र मापदण्ड बमोजिम नै निर्माण कार्य पुरा गरि तोकिएको समय भित्रै निर्माण सम्पन्न माग गरेमा थप दस्तुर लाग्ने छैन । |
| ख | गाउँपालिकाको नियामानुसार नक्सापास गरि (सुपर स्ट्रक्चर निर्माण ईजाजत लिई) तोकिएको म्याद भित्र मापदण्ड बमोजिम नै तोकिएको समय भित्रै निर्माण सम्पन्न गरेको तर निर्माण सम्पन्न नलिएको निर्माण सम्पन्न पत्र लिनु पर्ने म्याद गुजारी निर्माण सम्पन्न लिनु परेमा प्राविधिक प्रतिवेदनको आधारमा सब दुरुस्त पाईएमा पहिला नक्सापासको समयमा बुझाएको नक्सापास दस्तुरको ५० प्रतिशतले हुन आउने थप दस्तुर लिई निर्माण सम्पन्न प्रमाण पत्र दिईनेछ । |
| ग | यस गाउँपालिकाले नक्सापास सम्बन्धी कार्य अब शुरु गर्न लागेको अवस्था रहेकाले यस अघि नै भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पूरा गरि निर्माण भएको व्यवसायिक भवनको हकमा एक पटकको लागि नक्सा पास स्वीकृति दिईनेछ । |

**६. नक्सा नामसारी :**

| | |
|---|---|
| क | घर जग्गा रजिष्ट्रेशन पास गरि गाउँपालिकामा नक्सा नामसारी नगरी पुनःबिक्रि गरी नामसारीका लागि निवेदन आएमा पहिला नक्सापासको समयमा बुझाएको नक्सापास दस्तुरमा पच्चिस (२५) प्रतिशतका दरले प्रति रजिष्ट्रेशन पासका लागि थप दस्तुर बुझाउनु पर्नेछ । |

| | |
|---|---|
| ख | शेषपछि नक्सापास गर्दा नक्सा नामसारी दस्तुर रु. ३००।- हकछोड पत्र पछी नक्सा नामसारी गर्दा तीन पुस्ताभित्रको हकमा अंशवण्डा भई भवनको नक्सा नामसारी र हालैको बकसपत्रबाट नक्सा नामसारी गर्दा नक्सा नामसारी दस्तुर रकम रु. ५००।- लिईनेछ । हकछोड पत्र पछि नक्सा नामसारी गर्दा तीन पुस्ताभित्रको नभएको हकमा पहिला नक्सापास गर्दा बुझाएको दस्तुरको पच्चीस (२५) प्रतिशत नक्सा नामसारी दस्तुर लाग्नेछ तर यो रकम रु. १०००।- भन्दा कम हुन आएमा रु. १०००।- नै नक्सा नामसारी दस्तुर लाग्नेछ । |

**७. जरिवाना :**

गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भवन, कम्पाउण्ड वाल आदिको निर्माण कार्य गाउँपालिका कार्यालयबाट नियमानुसारको राष्ट्रिय भवन निर्माण संहिता तथा बकैया गाउँपालिकाले जारी गरेको योजना तथा भवन निर्माण निर्देशिका बमोजिम नक्सापास भवन निर्माण ईजाजत लिई मात्र गर्नुपर्ने छ ।नक्सा पेश गरि भवन निर्माण ईजाजत नलिई निर्माण कार्य सुरु गरेमा घरधनीलाई तपशिल बमोजिमको दण्ड, जरिवाना गरिने छ। तर यसका लागि नक्सा तयार गर्ने , सुपरभिजन गर्ने इन्जिनियर, परामर्शदातृ संस्था , सब इन्जिनियर, असिस्टेन्ट सब इन्जिनियरले राष्ट्रिय भवन निर्माण संहिता तथा बकैया गाउँपालिकाले जारी गरेको भवन निर्माण अनुमती तथा नक्सा पास सम्बन्धी कार्यविधि बमोजिम रहेको व्यहोरा प्रमाणित गरेको हुनु पर्नेछ ।

| सि.नं. | निर्माण विवरण | १००० वर्गफिट भन्दा कम (प्रति वर्गफिट) | १००० वर्गफिट भन्दा बढी (प्रति वर्गफिट) |
|---|---|---|---|
| १ | जमिन तला | | |
| क | DPC Leval सम्मको निर्माण | २ | ४ |
| ख | Lintel Leval सम्मको निर्माण | १.५० | २.५० |
| ग | Roof ढलानसम्मको निर्माण | २ | ३ |
| घ | निर्माण सम्पन्न | ४ | ५ |
| २ | पहिलो तला | | |
| क | Sill Leval सम्मको निर्माण | १ | २ |
| ख | Lintel Leval सम्मको निर्माण | २ | २.५० |
| ग | Roof ढलानसम्मको निर्माण | २.५० | ३ |
| घ | निर्माण सम्पन्न | ३ | ४ |

प्रत्येक तलाका लागि क्रमिक रुपमा प्रतिलता रु १।- का दरले प्रत्येक तलामा थप शुल्क लाग्नेछ ।

राष्ट्रिय भवन निर्माण संहिता तथा बकैया गाउँपालिकाले जारी गरेको भवन निर्माण अनुमती तथा नक्सा पास सम्बन्धी कार्यविधि बमोजिम नक्सा पेश भएको तर फिल्ड निरिक्षण गर्दा तपसिल बमोजिम परिवर्तन देखिएमा तपसिल बमोजिमका जरिवाना गरिनेछ ।

क. निर्माण संरचनामा Column को साईज परिवर्तन गरिएकोमा रु. ४०००।- लाग्नेछ ।
ख. निर्माण संरचनामा Column मा Steel को साईज वा संख्या परिवर्तन गरिएकोमा रु. ५०००।- लाग्नेछ ।
ग. निर्माण संरचनामा माथिका दुवै परिवर्तन गरिएकोमा रु. ४०००।- लाग्नेछ ।
घ. निर्माण संरचनामा Strap Beam & Base Beam नराखिएकोमा रु. २००००।-

## ८. निर्माण कार्य रोक्का शुल्क :

कसैको साँध सिमानामा विवाद परि भवन निर्माण कार्य रोक्काका लागि सँधियारले, सरोकारवालाले निवेदन दिन सक्नेछन् ।यसरी निवेदन दिँदा निवेदकले जग्गा नापी नक्सा (नापी कार्यालयबाट प्रमाणित), नागरिकता प्रमाण पत्रको फोटोकपि, जग्गाधनी प्रमाण पुर्जाको फोटोकपि, चालु आ.व.मा एकिकृत सम्पति कर तिरेको रसिदको फोटोकपी प्रमाणित प्रति साथ रु. २०००।- (दुई हजार रुपैंया मात्र) निवेदन साथ पेश गर्नु पर्नेछ ।

## ९. नक्सा तयार पार्ने, सुपरभिजन गर्ने ईन्जिनियर, परामर्शदातृ संस्था, सब इन्जिनियर, असिस्टेन्ट सब इन्जिनियरलाई नियम विपरित गरेको पाईएमा गरिने दण्ड जरिवाना सम्बन्धमा

गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भवन,कम्पाउण्ड वाल आदिको कार्यालयको तर्फबाट सुपरिवेक्षण एवम् अनुगमन गर्दा राष्ट्रिय भवन निर्माण संहिता तथा बकैया गाउँपालिकाले जारी गरेको योजना तथा भवन निर्माण निर्देशिका विपरित पाईएमा वा प्राविधिक त्रुटी देखिएमा नक्सा तयार पार्ने ,सुरपरिभिजन गर्ने इन्जिनियर, परामर्शदातृ संस्था, सब इन्जिनियर, असिस्टेन्ट सब इन्जिनियरलाई तपसिल बमोजिमको दण्ड,जरिवाना र कार्वाही गरिनेछ ।

| | |
|---|---|
| क | पहिलो पटक सचेत गराउन पत्राचार गरिने । |
| ख | दोश्रो पटक रु. २०००।- जरिवाना गरिने । |
| ग | तेश्रो पटक रु. ५०००।- जरिवाना गरिने । |
| घ | चौथो पटक रु. १००००।- जरिवाना गरिने । |
| ङ | अटेर गरी पाँचौ पटक पनि माथि उल्लेखित राष्ट्रिय भवन निर्माण संहिता तथा बकैया गाउँपालिकाले जारी गरेको भवन निर्माण अनुमती तथा नक्सापास सम्बन्धी कार्यविधि विपरित कार्य गरेमा इन्जिनियरको हकमा नेपाल इन्जिनियरिङ परिषदमा कार्वाहिको लागि पत्राचार गरिनेछ । परामर्शदातृ संस्था ,कन्सल्टेन्सी फर्मको हकमा दर्ता भएका |

| | |
|---|---|
| | कार्यालयमा कार्वाहिको लागि पत्रचार गरी बकैया गाउँपालिकाको सुचीबाट नाम हटाईनेछ। इन्जिनियर, सब इन्जिनियर, असिस्टेन्ट सब इन्जिनियरको हकमा बकैया गाउँपालिकाको सुचीबाट नाम हटाई डिप्लोमा इन्जिजियर्स एसोसियसनमा कार्वाहिको लागि पत्राचार गरिनेछ ।यसरी हटाएका इन्जिनियर, परामर्शदातृ संस्था, इन्जिनियरिङ फर्म, सब इन्जिनियर, असिस्टेन्ट सब इन्जिनियरलाई बकैया गाउँपालिकाले कालो सुचीमा राख्ने हुदाँ पुनःदर्ता हुन नसक्ने र निजहरुबाट तयार पारिएका नक्साहरु बकैया गाउँपालिकामा नक्सापास प्रयोजनका लागि दर्ता समेत गरिने छैन । |

**१०. नक्सापास दस्तुरमा छुट :**

| | |
|---|---|
| क | हाईराईज भवनहरुमा नक्सापास दस्तुरमा बिस (२०) प्रतिशत छुट दिईनेछ । |
| ख | वेसमेन्ट पार्किङको व्यवस्था गरि भवन निर्माण प्रस्ताव पेश गरेको उक्त वेसमेन्ट क्षेत्रफललाई नक्सापास दस्तुरमा छुट दिईनेछ । |
| ग | बकैया गाउँपालिकाबाट निर्मित भुमिगत ढल जडान प्रयोजन राखि भवन निर्माण गर्ने गरि पेश भएका भवनहरुमा नक्सापास दस्तुरमा दश (१०) प्रतिशत छुट दिईनेछ तर ढल जडान शुल्क अलग्गै बुझाउनु पर्नेछ । |

**११. बाटो सार्वजनिक शुल्क सम्बन्धी दस्तुर :**

| | |
|---|---|
| क | नयाँ बाटो खोल्दा प्रति कठ्ठा रु १५०००।- का दरले बाटोले जम्मा चर्चेको जग्गालाई दस्तुर लाग्नेछ । तर साविक भै रहेको बाटो वा अंशवण्डाको हकमा यो नियम लागु हुने छैन । |

**१२. निर्माण कार्य गर्ने व्यक्ति/संस्था दर्ता गर्नुपर्ने :**

क. राष्ट्रिय भवन निर्माण संहिता बमोजिम कार्य गर्ने सम्बन्धि तालिम लिएका व्यक्ति वा त्यस्ता व्यक्ति संलग्न रहेको संस्था बकैया गाउँपालिकामा तोकिएको दस्तुर बुझाई दर्ता भई ईजाजत पत्र लिनु पर्नेछ ।

ख. त्यस्ता तालिम प्राप्त व्यक्ति वा संस्थाले बकैया गाउँपालिकामा पहिलो पटक दर्ता हुँदा दर्ता दस्तुर र हरेक आ.व.को आषाढ मसान्त भित्र नवीकरण दस्तुर बुझाई दर्ता र नवीकरण गर्नु पर्नेछ । दर्ता दस्तुर र नवीकरण दस्तुर तपशिल बमोजिम हुनेछ ।

तपशिल

| क्र.सं. | विवरण | व्यक्तिगत | संस्थागत |
|---|---|---|---|
| १ | दर्ता दस्तुर | १०००।- | २०००।- |
| २ | नवीकरण | ५००।- | ५००।- |
| ३ | स्वीकृत घर नक्साको प्रतिलिपि | ५००।- | |
| ४ | घर नक्सा प्रमाण पत्रको प्रतिलिपि | २००।- | |

**१३. अमिन दस्तुरः**

| क्र.सं. | विवरण | किसिम | दर |
|---|---|---|---|
| १ | १ कठ्ठा सम्म प्रति कित्ता | पटक | २०००।- |
| २ | १ कठ्ठा देखि ५ कठ्ठा सम्म प्रति कित्ता | पटक | ३०००।- |
| ३ | ५ कठ्ठा देखि १० कठ्ठा सम्म प्रति कित्ता | पटक | ५०००।- |
| ४ | १० कठ्ठा देखि १ बिगाहा सम्म प्रति कित्ता | पटक | ७०००।- |
| ५ | १ बिगाहा भन्दा माथि थप प्रति बिगाह प्रति बिगाहा | पटक | १००००।- |

**१४. दरखास्त फारम सम्बन्धमाः**

क. गाउँपालिका कार्यालयले नक्सापास सम्बन्धी सम्पूर्ण प्रकृया तथा कागजात समावेश गरि नक्सापास दरखास्त फारम तयार गर्नेछ ।

ख. दरखास्त फारम दस्तुर प्रति फारम रु. १०००।- हुनेछ ।

## ग) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने दस्तुरको दर

१. व्यक्तिगत घटना दर्ता शुल्क तथा जरीवाना

| क्र.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| १ | घटना घटेको ३५ दिनसम्म दर्ता गरेमा | निःशुल्क |
| २ | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क (३५ दिन पछिको) | २०० |
| ३ | व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपि दस्तुर | ५०० |
| ४ | व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताब रजिष्टर हेरेको दस्तुर | २०० |

२. सिफारिस दस्तुर

| क्र.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| १. | नाता प्रमाणीत दस्तुर (नेपाली) | २०० |
| २. | नाता प्रमाणीत दस्तुर (अंग्रेजी) | ५०० |
| ३. | जन्म मिति प्रमाणीत | १५० |
| ४. | विवाह प्रमाणीत | ३०० |
| ५. | अंग्रेजी माध्यममा सिफारिस वा प्रमाणीत | ५०० |
| ६. | कागजा प्रमाणीत(गाउँपालिका) | १०० |
| ७. | घर पाताल प्रमाणीत (प्राकृतिक प्रकोप भएमा सर्जिमिनको आधारमा छुट दिन सकिने) | ५०० |
| ८. | अपांग सिफारिस नलाग्ने | ० |
| ९. | अविवाहित प्रमाणीत | १०० |
| १०. | नावालक सम्बन्धी सिफारिस | १०० |
| ११. | जन्म मिति संशोधन सिफारिस | २०० |
| १२. | जिवितको नाता प्रमाणीत | २०० |
| १३. | हकवाला वा हकदार प्रमाणित | १००० |
| १४. | संरक्षक प्रमाणीत गर्ने (संस्थागत) | १५० |
| १५. | संरक्षक प्रमाणीत गर्ने (व्यक्तिगत) | ० |
| १६. | कागज/मञ्जुरीनामा प्रमाणीत | २०० |
| १७. | घर जग्गा/अचल सम्पत्ती मुल्याङ्कन र आयश्रोत प्रमाणीत वापत प्रति हजार मुल्याङ्कन अंकको | १ |
| १८. | जग्गा मुल्यांकन सिफारिस/प्रमाणीत (विद्यार्थी प्रयोजनका लागी ) एकमुष्ट | १००० |
| १९. | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणीत | १५०० |
| २०. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणीत | १०० |
| २१. | नागरिकता सिफारिस | १५० |
| २२. | नागरिकताको प्रतिलिपि सिफारीस | १०० |
| २३. | बहाल कर लेखाजोखाको सिफारिस | २०० |
| २४. | मोही लगत कट्टाको सिफारिस | १००० |
| २५. | घर जग्गाको लेखाजोखा सिफारिस | २०० |
| २६. | व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | २०० |
| २७. | व्यवसाय दर्ता सर्जमिन सिफारिस | ५०० |
| २८. | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्ने र सिफारिस | ५०० |
| २९. | निःशुल्क वा स-शुल्क स्वास्थ्य उपचार सिफारिस | ० |
| ३०. | पुर्जामा घर कायम सिफारिस | ५०० |
| ३१. | फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणीत दुवै नाम गरेको व्यक्ति एकै हो | २०० |

| क्र.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| | भन्ने सिफारिस | |
| ३२. | नाम थर वा जन्म मिति संशोधन सिफारिस | २०० |
| ३३. | जग्गा धनी पुर्जा हराएको सिफारिस | २०० |
| ३४. | कित्ताकाट सिफारिस (प्रति कट्टा/रोपनी) | ५०/७५ |
| ३५. | घर जग्गा नामसारी सिफारिस | ५०० |
| ३६. | जग्गा दर्ता नामसारी सिफारिस (प्रति कट्टा/रोपनी) | १००/१५० |
| ३७. | जग्गा दर्ता सिफारिस (प्रति कट्टा/रोपनी) | १००/१५० |
| ३८. | जग्गाको हक सम्बन्धमा सिफारिस | ५०० |
| ३९. | मृतकसँगको नाता प्रमाणीत तथा सर्जमिन सिफारिस | ५०० |
| ४०. | उद्योग ठाउँसारी सिफारिस | १००० |
| ४१. | जिवित रहेको सिफारिस | ५०० |
| ४२. | विद्यालय ठाउँसारी गर्न सिफारिस (निजि) | १००० |
| ४३. | पालन पोषणको लागि सिफारिस | १०० |
| ४४. | बैवाहिक तथा अन्य अंगिकृत नागरिकता सिफारिस | १००० |
| ४५. | विद्युत जडान सिफारिस कच्ची घर | १०० |
| ४६. | धारा तथा विद्युत जडान सिफारिस (नक्सा पास भएको पक्की घर) | २०० |
| ४७. | धारा तथा विद्युत जडान सिफारिस (नक्सा पास नभएको पक्की घर) | ३०० |
| ४८. | कोठा खोल्न रोहवरमा बस्ने | ५०० |
| ४९. | स्थायी बसोबास सिफारिस | १०० |
| ५०. | सरकारको नाममा बाटो कायम सिफारिस | ५०० |
| ५१. | संस्था दर्ता सिफारिस (नाफामूखी) नविकरण | ७०० |
| ५२. | संस्था दर्ता सिफारिस (गैह्र नाफामुखी) एक पटक, नविकरण प्रति पटक | २०० |
| ५३. | घर बाटो प्रमाणीत ( प्रति कठ्ठा/रोपनी) | १००/१५० |
| ५४. | छात्रवृत्ति सिफारिस | ५० |
| ५५. | अस्थाई बसोबास सिफारिस (स्वदेशी) | ५०० |
| ५६. | अस्थाई बसोबास सिफारिस (विदेशी) | १००० |
| ५७. | अदालत शुल्क मिनाहा सिफारिस | २५ |
| ५८. | आन्तरीक बसाईं सराईं सिफारिस | १०० |
| ५९. | अन्य प्रमाणीत | १०० |
| ६०. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने र रोहबरमा बस्नु पर्ने पत्र तथा काम | १०० |
| ६१. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने नलाग्ने | ० |
| ६२. | माथी उल्लेखित विषय बाहेकका सिफारिस तथा बिबिध सिफारिस | १०० |
| ६३. | जग्गा रेखांकन/सम्बन्धी रोहबरमा बस्ने | ५०० |
| ६४. | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी | ५०० |

| क्र.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| ६५. | पानी घट्ट दर्ता दस्तुर | ५०० |
| ६६. | पानी घट्ट नवीकरण दस्तुर (वार्षिक) | ५०० |
| ६७. | पुर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस/अनुमति (निजी) | ५००० |
| ६८. | मिलापत्र दस्तुर | २०० |
| ६९. | निजी विद्यालय, माध्यामिक तह (९ देखि १२ कक्षा) सम्म) दर्ता तथा नविकरण शुल्क | १०००० |
| ७०. | निजि कलेज, क्याम्पसहरु दर्ता तथा नविकरण शुल्क रु. | २०००० |
| ७१. | निजि विद्यालय, विद्यालय तह (१ देखी ८ कक्षा) सम्म दर्ता रु. | ७००० |
| ७२. | गुठी कलेज, क्याम्पसहरु दर्ता तथा नविकरण शुल्क रु. | १५००० |
| ७३. | गुठी विद्यालय, विद्यालय तह (१ देखी ८ कक्षा) सम्म दर्ता रु. | ५००० |
| ७४. | विद्यालय कक्षा वृद्धि सिफारिस (निजि) | ५००० |
| ७५. | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस (नलाग्ने) | ० |
| ७६. | विशेष तयारी कक्षाहरु (निश्चित समयका लागी ) संचालन गर्ने संस्थाहरुको दर्ता रु. | २५०० |
| ७७. | NGO/INGO को हकमा दर्ता रु. | २००० |
| ७८. | उद्योग व्यवसाय दर्ता, आयमुलक तथा अन्य व्यवससाय दर्ता सिफारीस | ५०० |
| ७९. | चौपाया सम्बन्धी सिफारिस (प्रति चौपाय) | ५० |
| ८०. | चार किल्ला (चौहद्दी) प्रमाणीत ( प्रति कठ्ठा/रोपनी) | १००/१५० |
| ८१. | तालिम तथा अनुसन्धान केन्द्र, टाइपिङ, कम्प्युटर, भाषा, प्रशिक्षण लगायत यस्तै प्रकृतिका संस्थाहरु दर्ता रु. | २००० |
| ८२. | तालिम तथा अनुसन्धान केन्द्र, टाइपिङ, कम्प्युटर, भाषा, प्रशिक्षण लगायत यस्तै प्रकृतिका संस्थाहररु नविकरण रु. | ५०० |
| ८३. | हल भाडा दैनिक/प्रोजेक्टर सहित | १०००/१५०० |
| ८४. | सुचिकृत दस्तुर | ५०० |
| ८५. | न्यायिक निबेदन दस्तुर | १०० |
| ८६. | अभिलेख प्रतिलिपि दस्तुर | ५०० |
| ८७. | सवारी साधन शुल्क (तीनपाङ्गे) | १००० |

द्रष्टव्य :अति विपन्न र असहाय, आर्थिक तथा अन्य सहायतता, दैवीप्रकोप, अशक्त, असहाय र विकास निर्माणमा गरीने सिफारीसमा दस्तुर लिइने छैन ।